नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाइ**
**पाल्पा**

फोन नं.: ०७५- ५२११८०
pmamp.piu.palpa@gmail.com
vzonepalpa.pmamp.gov.np

प. सं. :- २०७८/०७९
च.नं. :- ९८

मितिः-२०७८/०४/२०

बिषयः- सूचना पठाईएको सम्बन्धमा।

श्री तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री तिनाउँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री बगनासकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री रिब्दीकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री रैनादेवी छहरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री रम्भा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री पूर्वखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।
श्री माथागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।

प्रस्तुत विषयमा यस कार्यालय बाट मिति २०७८/०४/२० गते प्रकाशन भएको सुन्तलाजात फलफूल र अदुवा वेसारको जोन कार्यक्रम माग गर्ने सम्बन्धि सूचना थान १ यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस एवं आवश्यक समन्वय गरी दिनु हुन अनुरोध छ । साथै परियोजना कार्यान्वयन म्यानुअल २०७७ को अनुसूची १४ र १५ समेत यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

२०७८/०४/२०
..................
दिपक भट्टराई
बरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
पाल्पा

फोन नं.: ०७५- ५२११८०
pmamp.piu.palpa@gmail.com
vzonepalpa.pmamp.gov.np

प. सं. :- २०७८/०७९
च.नं. :-

मिति:-२०७८/०४/२०

सूचना नं. ०१

## कृषक समूह / कृषि सहकारी/ वन / जल उपभोक्ता समिति / कम्पनी / कृषि फर्महरुको लागि सुन्तलाजात फलफूल र अदुवा वेसारको जोन कार्यक्रम माग गर्ने सम्बन्धी सूचना !!!

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना निर्देशक समितिको मिति २०७८/०१/०५ गतेको बैठकले आ.व. २०७८/७९ मा पाल्पा जिल्लामा सुन्तलाजात फलफूल र अदुवा वेसारको जोन विकास कार्यक्रम कार्यान्वयन गर्ने निर्णय बमोजिम परियोजना कार्यान्वयन एकाइ, पाल्पामा वार्षिक स्वीकृत कार्यक्रम प्राप्त भैसकेकोले उक्त कार्यक्रमको कार्यान्वयनको लागि क्षेत्र निर्धारण गर्नुपर्ने भएकोले पाल्पा जिल्लामा सुन्तलाजात फलफूल र अदुवा वेसारको पकेट वा ब्लकको रुपमा विकास भइ जोनमा स्तरोउन्नती हुन आवश्यक रहेका क्षेत्रका तथा उक्त बालीहरुको व्यवसायिक खेती गरिरहेका इच्छुक **कृषक समूह/कृषि सहकारी/वन/जल उपभोक्ता समिति/कृषि फर्महरुले** तपशिल बमोजिमका आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले १० दिन (मिति २०७८/०४/२९ गते भित्र) परियोजना कार्यान्वयन एकाइ पाल्पामा सुन्तलाजात फलफूल र अदुवा वेसार जोन कार्यक्रम मागको आवेदन पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

१) सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/वन/जल उपभोक्ता समिति/ कम्पनी /कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
२) जोन माग गर्ने संस्थाहरुको कार्यसमितिको निर्णयको प्रतिलिपि ।
३) कार्यक्रम संचालन हुने स्थानीय तहको सिफारीस पत्र ।
४) अध्यक्ष/प्रोपराईटरको नागरिकताको प्रतिलिपि ।
५) अनुसुची १४ बमोजिमको आधारभुत तथ्याङ्क विवरण ।
६) अनुसुची १५ बमोजिमको रु. १० को टिकट टाँस गरेको निवेदन ।

२०७८/०४/२०
..................
दिपक भट्टराई
बरिष्ठ कृषि अधिकृत

नोट: ५०० हेक्टर क्षेत्रफलमा चक्लाबन्दीमा वा क्लष्टरमा व्यवसायिकरण हुने अधिक सम्भावना रहेका १ वा १ भन्दा बढी पालिका क्षेत्रहरुलाइ प्राथमिकता दिइनेछ ।